नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ४, संख्याः ३३, चैत्र २२ गते, २०७७ साल

व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग २

## व्यास नगरपालिका घरेलु इट्टा उद्योग सञ्चालन कार्यविधि, २०७७

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।१२।२२

**प्रस्तावना**: व्यास नगरपालिका तनहुँ जिल्लाको सदरमुकाम भई शहरीकरण हुँदै गएको र उद्योग तथा व्यापार व्यवसायमा पनि उल्लेखनीय योगदान रहेको छ । नगरपालिकाका समथर पाखो जग्गाहरुमा घरेलु प्रकृतिका इट्टा उद्योगहरुको माध्यमबाट आफ्नो व्यवसाय सञ्चालन गर्न र नगर क्षेत्रभित्र रहेका घरेलु इट्टा उद्योगहरुलाई व्यवस्थापन तथा नियमन गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा दफा ११ को उपदफा २ को प (७) तथा सोही दफाको उपदफा ५ (घ) र व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **सक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "व्यास नगरपालिका घरेलु इट्टा उद्योग सञ्चालन कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधिको कार्यक्षेत्र व्यास नगरपालिका भित्र हुनेछ ।

२. **परिभाषा** : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "उपप्रमुख" भन्नाले व्यास नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(ख) “उपशाखा” भन्नाले आर्थिक पूर्वाधार विकाश शाखा अन्तर्गत रहेको उद्योग तथा पर्यटन विकाश उपशाखा सम्झनु पर्छ ।

(ग) “कार्यविधि” भन्नाले व्यास नगरपालिका घरेलु इट्टा उद्योग सञ्चालन कार्यविधि २०७७ सम्झनु पर्छ ।

(घ) “घरेलु इट्टा उद्योग” भन्नाले हातले छाप्ने इट्टा उद्योग सम्झनु पर्छ ।

(ङ) “नगरपालिका” भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(छ) “प्रारम्भिक वातवरणीय अध्ययन प्रतिवेदन” भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकीन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायको सम्बन्धमा विश्लेषणात्मक रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ ।

(ज) “मूल्याङ्कन समिति” भन्नाले दफा ५ (२) बमोजिम गठित समिति सम्झनु पर्छ ।

(झ) “वडा” भन्नाले व्यास नगरपालिका भित्रका वडा कार्यालय सम्झनु पर्छ ।

(ञ) “शाखा” भन्नाले आर्थिक पूर्वाधार विकाश शाखा सम्झनु पर्छ ।

३. **<u>कार्यविधिको उद्देश्य</u>** : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) व्यास नगरपालिका क्षेत्रभित्र रहेका इट्टा उद्योग सञ्चालन सम्बन्धी मापदण्ड पुऱ्याई दर्ता, सञ्चालन, नवीकरण तथा नियमन गर्ने ।

ख) जथाभावि रुपमा सञ्चालन हुँदै आएका इट्टा उद्योगहरुलाई नगरपालिका मातहतमा ल्याई विधिसङ्गत रुपमा सञ्चालन गर्ने र आन्तरिक राजस्व वृद्धि गर्ने ।

ग) घरेलु इट्टा उद्योग सञ्चालन गर्ने क्रममा वातवरण सम्बन्धी कानुन तथा मापदण्ड विपरीत भएमा त्यस प्रकारको घरेलु इट्टा उद्योगलाई कारवाही गर्ने ।

४. **<u>अनुमति प्राप्त नगरी घरेलु इट्ट उद्योग सञ्चालनको कार्य गर्न नहुने</u>** : प्रचलित कानुनमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिम हुने र यस नगरपालिका भित्र उत्खनन् तथा उद्योग सञ्चालन कार्य अनिवार्य रुपमा नगरपालिकाबाट स्वीकृति लिएर मात्र गर्नु पर्नेछ ।

५. **<u>स्वीकृति/दर्ता गर्ने सम्बन्धी व्यवस्था</u>** : (१) घरेलु इट्टा उद्योग सञ्चालनका कार्य गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले क्रमशः उत्खनन् कार्यका लागि अनुसूची १ बमोजिमको ढाँचामा सम्बन्धित उपशाखामा दरखास्त दिन सक्ने छन् ।

(२) सम्बन्धित उपशाखामा पर्न आएको दरखास्त उपर योग्यता पुगे नपुगेको अध्ययन एवं छानविन गर्न देहाय बमोजिमको मूल्याङ्कन समिति गठन हुनेछ :

| | |
|---|---|
| (क) संयोजक | -उपप्रमुख, व्यास नगरपालिका |
| (ख) सदस्य | -प्रमुख प्रशासकीय अधिकृत, व्यास नगरपालिका |
| (ग) सदस्य | -आर्थिक विकास समिति संयोजक |
| (घ) सदस्य | -नगर सभाका महिला सदस्यहरु मध्ये कार्यपालिकाले तोकेको १ जना |
| (ङ) सदस्य | -आर्थिक पूर्वाधार विकास शाखा प्रमुख |
| (च) सदस्य | -वातावरण तथा विपद् व्यवस्थापन उपशाखा प्रमुख |
| (छ) सदस्य सचिव | -उद्योग तथा पर्यटन विकास उपशाखा प्रमुख |

(३) मूल्याङ्कन समितिले योग्यता पुगी अनुमति पत्र दिन मनासिव छ भनी सिफारिस गरेमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले अनुसूची २

बमोजिमको ढाँचामा अनुमति पत्र दिनु पर्नेछ र सोको अनुमोदनका लागि कार्यपालिका बैठकमा पेश गर्नु पर्नेछ ।

(४) घरेलु इट्टा उद्योग सञ्चालन गर्दा उक्त उद्योगले वातावरणमा प्रतिकुल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकीन गरी सोको वातावरणीय अध्ययन प्रतिवेदन अनिवार्य रुपमा समावेश गरिनु पर्नेछ ।

६. **<u>घरेलु इट्टा उद्योग दर्ता र सञ्चालनका लागि न्यूनत्तम योग्यता</u>** :

(क) न्यूनत्तम ५ रोपनीसम्मको क्षेत्रफलमा सञ्चालन गर्नका लागि जग्गा धनी प्रमाणपत्र वा भाडाको जग्गा भए कम्तिमा ५ वर्षको नियमानुसार प्रयोजन खुल्ने गरी उक्त जग्गाको सम्झौताको पत्र,

(ख) नागरिकताको प्रमाण पत्र,

(ग) सम्बन्धित वडाको सिफारिस,

(घ) सामुदायिक वनको सहमति र सामुदायिक वनबाट कम्तीमा २५० मिटर टाढा भएको एकिन खुल्ने गरी सिफारिस,

(ङ) प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन,

(च) स्थानीय जनप्रतिनिधिको रोहवरमा भएको चार किल्ला मुचुल्का,

(छ) राजमार्गबाट कम्तिमा ३०० मिटर टाढा, सहायक राजमार्गबाट कम्तिमा ७५ मिटर टाढा र शाखा बाटोबाट १५ मिटर टाढा भएको हुनु पर्नेछ ।

७. अनुमति पत्र दिनु अघि प्रति रोपनी रु.३,०००। (तीन हजार) का दरले वातावरण शुल्क बुझाउनु पर्नेछ ।

८. **<u>अनुमति पत्रको अवधि</u>** : दफा ५ को उपदफा (३) बमोजिम प्रदान गरिने अनुमति पत्र खारेज वा अन्यथा नभएमा श्रावण १ देखि आषाढ मसान्त वा एक आर्थिक वर्षसम्म रहने छ ।

९. उद्योग सञ्चालन गर्ने क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकुल वातवरणीय असरको जिम्मेवारी सम्बन्धित उद्योगको हुनेछ ।

१०. **<u>अनुमति पत्र नवीकरण सम्बन्धी व्यवस्था</u>** : (१) अनुमति पत्रको अवधि समाप्त भएकोमा अनुमति पत्रको अवधि समाप्त भएको तीन महिना भित्र प्रचलित कानुन बमोजिम तिर्नुपर्ने कर तिरेको प्रमाण, लेखा परीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाण पत्र पेश भएमा या म्याद थप भएमा आन्तरिक राजश्व कार्यालयबाट म्याद थपको प्रमाण पत्र पेश भएमा प्रति रोपनी रु.३,०००। का दरले वातावरण शुल्क र रु.२,०००। नवीकरण शुल्क वापतको दस्तुर लिई अनुसूची ३ को ढाँचामा निवेदन लिई प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतबाट नवीकरण गरिने छ ।

(२) उपदफा (१) बमोजिमको हदम्याद भित्र नवीकरण नगर्ने व्यक्ति वा संस्थाको म्याद नाघेको ६ महिना भित्र सबै प्रमाण पुऱ्याई नवीकरणका लागी माग गरेमा नवीकरण शुल्कको मात्र दोब्बर दस्तुर लिई नवीकरण गर्न सकिने छ ।

११. **<u>अनुमति पत्रको खारेजी</u>** : (१) देहायको अवस्थामा नगरपालिकाले अनुमति पत्र खारेज गर्न सक्नेछ :

(क) झुट्टा विवरण पेश गरी अनुमति पत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) नियम बमोजिम कार्य सम्पन्न नगरेको वा कर छली जस्ता कार्य उल्लङ्घन भएको सम्बन्धित निकायबाट पुष्टी भएमा ।

(२) उपदफा (१) बमोजिम अनुमति पत्र खारेज गर्नु अघि सम्बन्धित पक्षलाई स्पष्टीकरण पेश गर्न न्यूनत्तम ७ दिनको समय दिइने छ ।

(३) दफा १० को उपदफा (१) र (२) बमोजिमको म्यादभित्र नवीकरण नभएको अनुमति पत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम अनुमति पत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्तिलाई दिनेछ । यस्तो जानकारी सञ्चार माध्यमबाट पनि दिन सकिने छ ।

**१२. अनुमति पत्रको प्रतिलिपि दिने व्यवस्था** : कुनै व्यक्ति वा संस्थाले अनुमति पत्र हराए वा नासिएको कारणबाट अनुमति पत्रको प्रतिलिपि पाउँ भनी निवेदन पेश गरेमा रु.५००। दस्तुर लिई अनुमति पत्रको प्रतिलिपि दिनु पर्नेछ ।

**१३. प्रचलित कानुन बमोजिम हुने :** यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१४. सिंचित खेतहरुमा अनुमति दिन नहुने :** अन्यत्र जेसुकै कुरा लेखेको भएता पनि कृषि योग्य सिंचित खेतहरु मासिने गरी उक्त स्थानहरुमा घरेलु इट्टा सञ्चालनको अनुमति दिइने छैन ।

**१५. विविध :** प्रचलित ऐन, नियम र घर नक्सा सम्बन्धी मापदण्ड विपरीत यस कार्यविधिमा भएका प्रावधान बाझिएको अवस्थामा बाझिएको हदसम्म यो कार्यविधिको प्रावधान निस्कृय हुनेछ ।

अनुसूची १

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

घरेलु इट्टा उद्योग सञ्चालन अनुमति पत्रको लागि दिइने दरखास्त

दरखास्तवालको फोटो

विषय : अनुमति-पत्र पाऊँ भन्ने बारे

श्री व्यास नरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
दमौली, तनहुँ

यस ………………… कार्यालयको कार्यविधि …………….. बमोजिम घरेलु प्रकृतिका घरेलु इट्टा उद्योग सञ्चालन गर्नको लागि अनुमति पत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरेको छु/छौ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको:
नाम :
ठेगाना :
टेलिफोन नं. : ………….
इमेल : ………………

२. फर्म वा कम्पनीको प्रकृति

| | | | |
|---|---|---|---|
| प्राइभेट लिमिटेड कम्पनी एकलौटी | | पब्लिक लिमिटेड कम्पनी साझेदरी | |

(कोष्ठमा रेजा चिन्ह लगाउनु पर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको
नाम :
ठेगाना :
टेलिफोन नं. :
इमेल :

४. फर्म वा कम्पनीको विवरण :
अधिकृत पूँजी : रु. जारी पूँजी : रु.

५. आर्थिक श्रोतको विवरण :

| खाताको प्रकार | रकम | वित्तीय संस्था/बैंकको नाम |
|---|---|---|
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिने छ :

६. कामदारको विवरण :

क) प्राविधिक :
ख) अप्राविधिक :
ग) अन्य : प्राविधिक

७. आफ्नो स्वामित्वमा रहेको साधन तथा मेशिनरी औजारको विवरण :

| सि.नं. | नाम तथा विवरण | दर्ता नम्बर | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

यस दरखास्त फारमा उल्लिखित सम्पूर्ण व्यहोरा ठिक साँचो छ । झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला

<u>दरखास्तवालाको</u>

नाम :

दस्तखत :

मिति :

छाप

अनुसूची २

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

<u>अनुमति पत्र</u>

अनुमति पत्र नं. : ..............................

मिति : ......................

व्यास नगरपालिका
नगर कार्यपालिकाको
कार्यालय दमौली, तनहुँ

घरेलु प्रकृतिका घरेलु इट्टा उद्योग सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ को दफा ५ को उपदफा (३) बमोजिम उद्योग सञ्चालन गर्न ....................... स्थित कार्यालय भएको ......................................... फर्म वा कम्पनीलाई अनुमति पत्र प्रदान गरिएको छ ।

अनुमति पत्र दिनेकोः दस्तखतः नाम :

पद :

मिति :

कार्यालय :

<u>नवीकरण</u>

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची ३

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

<u>अनुमति पत्र नवीकरण सम्बन्धी निवेदनको ढाँचा</u>

श्री व्यास नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
दमौली, तनहुँ ।

विषय : अनुमति पत्र नवीकरण गराई पाउँ ।

प्रस्तुत विषयका सम्बन्धमा ............................. कार्यालयबाट मिति ................. ................. मा प्रदान गरिएको ......................................... सम्बन्धी अनुमति पत्र नं. ....................... को अनुमति पत्र नियमानुसार नवीकरण गरी दिनुहुन देहाय बमोजिमका कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको छु/छौ ।

<u>संलग्न कागजातहरु</u>

१. कर चुक्ता प्रमाण पत्र,
२. लेखा परीक्षण प्रतिवेदन,
३. मेसिनरी उपकरणहरुको विवरण,
४. सम्बन्धित वडाको सिफारिस ।

निवेदकको नाम :
कम्पनी/फर्मको नाम :
हस्ताक्षर :
अनुपति पत्र नं. र छाप :
सम्पर्क नं. :

**आज्ञाले**
**डिल्लीराम सिग्देल**
**प्रमुख प्रशासकीय अधिकृत**